# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
प्रदेश नं. ३

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं.०७४/७५
च.नं. ८२८८

मिति :-२०७५/०२/१८

श्री वडा कार्यालयहरु सबै,
भरतपुर महानगरपालिका ।

**विषय :- जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय अपांग कोषको च.नं. २९६/०७४/०७५ मिति २०७५/०२/१५ गतेको प्राप्त पत्र अनुसार चितवन जिल्लाको महानगरपालिका, नगरपालिकाहरु महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय युवा परिषद्, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहकार्यमा शारिरीक अपांगता भएका व्यक्तिहरुका लागि सहायक सामग्री वितरण शिविर यहि २०७५ जेष्ठ २१ र २२ गते चितवन मेडिकल कलेज भरतपुर, चितवनमा हुन गइरहेको हुँदा उक्त राष्ट्रिय अपांगकोषको प्राप्त पत्र तथा सूचनाको थान १ (एक) यसै पत्र साथ संलग्न राखि पठाइएको छ । आ-आफ्नो वडामा सूचना टास गरी सम्वन्धित सवैलाई शिविर बारे जानकारी गराइ सहयोग गरिदिनु हुन अनुरोध छ ।

.......................
भुवनेश्वर अधिकारी
कानून अधिकृत
कानुन अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

समाज कल्याण परिषद्

# राष्ट्रिय अपांग कोष

Social Welfare Council

# National Disabled Fund

Ref. No. २९६
०७४/०७५

मिति: २०७५/०२/१५

श्री प्रमुखज्यू
भरतपुर महानगरपालीका
भरतपुर, चितवन ।

विषयः सहायक सामग्री वितरण शिविर संचालन सम्वन्धमा ।

उपर्युक्त सम्वन्धमा यस कोषले विगत ३५ वर्ष देखि विभिन्न कारणवाट अपांगता भएका व्यक्तिहरुका लागि पुनर्स्थापना सेवा जस्तै: कृतिम हात खुट्टा, वैशाखी, वाकर, सेतोछडि, क्यालिपर, विशेष प्रकारको जुत्ता एवं फिजियोथेरापी, परामर्श सेवा प्रदान गर्दै आएको व्यहोरा अवगत नै छ ।

कोषले चितवन जिल्लाको महानगरपालिका, नगरपालिकाहरु महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय युवा परिषद्, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहकार्यमा शारिरीक अपांगता भएका व्यक्तिहरुका लागि सहायक सामग्री वितरण शिविर यहि २०७५ जेष्ठ २१ र २२ गते चितवन मेडिकल कलेज भरतपुर, चितवनमा हुन गइरहेको हुँदा उक्त महानगरपालिकाको प्रत्येक वडा कार्यालयमा सूचना टाँस गरी सम्वन्धित सवैलाई शिविर वारे जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु साथै शिविर संचालनको लागि आवश्यक अन्य सहयोग गरिदिनुहुन समेत अनुरोध गर्दछु ।

संलग्न:
शिविर संचालन तालिका

श्री ५२११७१ २०१२१२
[illegible]

२०७५/२/१८

.............................
गोपाल बहादुर भण्डारी
सभापति

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: २४०९९
दर्ता मिति: २१।१८

Scanned by CamScanner

# अपांगता भएका व्यक्तिहरुलाई सहायक सामाग्री वितरण सम्बन्धि सूचना

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य मन्त्रालय, राष्ट्रिय युवा परिषद, तथा चितवन जिल्लाका ६ वटै नगरपालिका र Humanite & Inclusion (HI) को सहकार्यमा राष्ट्रिय अपाङ्ग कोषद्वारा अपांगता भएका व्यक्तिहरुका लागि शारीरिक पुनर्स्थापना सेवा (फिजियोथेरापी सेवा, कृत्रिम हात खुट्टा, विशेष प्रकारका जुत्ता, वैशाखी, आदि सहायक सामग्री वितरण तथा परामर्श सेवा) निःशुल्क प्रदान गर्ने उद्देश्यले निम्न मिति र स्थानमा बिहान १०:०० बजे देखि ४:०० सम्म सहायक सामाग्री वितरण हुने भएकोले सम्बन्धित सवैमा जानकारीका लागि अनुरोध गरिन्छ । साथै प्राविधिक कारणले व्हिलचियर नापजांच गरिएका सेवाग्राहीहरुलाई अर्को सुचना नहुन्जेल सम्मका लागि ह्विलचियर वितरण नहुने व्यहोरा समेत अनुरोध छ ।

<u>मिति र स्थान</u> :

क) २०७५ साल जेष्ठ २० गते – बगौडा अस्पताल, माडी न.पा. ।

ख) २०७५ साल जेष्ठ २१ र २२ गते – चितवन मेडिकल कलेज, भरतपुर महानगरपालिका ।

ग) २०७५ साल जेष्ठ २३ गते – वकुलर अस्पताल, टाडी रत्ननगर न.पा. ।

घ) २०७५ साल जेष्ठ २४ र २५ गते – खैरहनी न.पा. कार्यालय

ङ) २०७५ साल जेष्ठ २६ गते – भण्डारा स्वास्थ्य चौकी, राप्ती न.पा.

च) २०७५ साल जेष्ठ २७ गते – प्राथमिक स्वास्थ्य चौकी, जुटपानी, कालिका न.पा.

<u>थप जानकारीका लागि</u> : चितवन जिल्लाका महानगरपालिका, न.पा, वडा कार्यालय, जिल्ला युवा समितिको कार्यालयहरुमा सम्पर्क गर्नुहोला ।

समाज कल्याण परिषद

**राष्ट्रिय अपाङ्ग कोष**

भृकुटीमण्डप, काठमाडौंमा

फोन नं. ४२२४९६८ वा ४२३९५८६

Scanned by CamScanner